अनुसुची -२
प्रस्ताव नं. १
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** संघिय समपूरक तथा विशेष आयोजना प्रस्ताव सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/०८

**१. विषयको संक्षिप्त व्यहोरा:-** सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव सम्बन्धी राष्ट्रिय योजना आयोगबाट सूचना प्राप्त भएको ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गते प्रकाशित सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्यूठान नगरपालिकामा सञ्चालन हुने आयोजनाहरु कार्यपालिकामा छलफल तथा निर्णय गरी फाल्गुन १५ भित्र प्रस्ताव पेश गर्न सूचना आह्वान भएको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आन्तरिक श्रोतबाट सबै योजनाहरु सञ्चालन गर्न श्रोत अभाव हुने भएकोले ठूला आयोजनाहरु समपुरक तथा विशेष अनुदान मार्फत कार्यान्वयन गर्नु उचित हुने साथै राष्ट्रिय योजना आयोगद्वारा विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ र समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ पारित भई विगतमा भन्दा लागत साझेदारी तथा प्रस्ताव प्रकृयामा भएको परिवर्तन बारे कार्यपालिकामा जानकारी गराई योजना छनौट गर्नु उचित हुने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आ.व. २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा बिशेष तथा समपुरक अनुदानबाट सञ्चालन गर्ने गरी तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगद्वारा बिकासित अनलाईन प्रणालिमा प्रविष्टी गर्ने व्यवस्था मिलाउने।

**तपसिल**

**क. समपुरक अनुदान तर्फका आयोजनाहरु**

| क्र.सं. | आयोजना / कार्यक्रमको नाम | लागत सहभागिता | | कैफियत |
|---|---|---|---|---|
| | | प्यूठान नगरपालिका | राष्ट्रिय योजना आयोग | |
| १ | क्वाडी – चितिखोला - जुम्री सडकखण्ड बिस्तार आयोजना | १ करोड ८० लाख | १ करोड २० लाख | नयाँ |
| २ | मरन्ठाना चक्रपथ कालोपत्रे योजना | १ करोड ८० लाख | १ करोड २० लाख | क्रमागत |

**ख. विशेष अनुदान तर्फका आयोजनाहरु**

| क्र.सं. | आयोजना / कार्यक्रमको नाम | माग रकम |
|---|---|---|
| १ | कोचरे खानेपानी आयोजना वडा नं. ६ | १ करोड |
| २ | बिसमुले खानेपानी आयोजना वडा नं. ३ | १ करोड |

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने ।"**

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

CamScanner

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

अनुसुची -२
प्रस्ताव नं. २
मुद्दाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** प्रदेश समपुरक योजना छनौट सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/०८

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८२/०८३ मा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक योजना छनौट सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** आ.व. २०८२/०८३ मा प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत प्यूठान नगरपालिकामा सञ्चालन हुने आयोजनाहरु कार्यपालिकामा छलफल गरी प्रस्ताव गर्नुपर्ने आयोजनाहरु छनोट गर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आन्तरिक श्रोतबाट सबै योजनाहरु सञ्चालन गर्न श्रोत अभाव हुने भएकोले प्रदेश सरकार सरपुरक अनुदान अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने आयोजनाहरु माग गरी योजना कार्यान्वयन गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आ.व. २०८२/०८३ का लागि प्रदेश योजना आयोग लुम्बिनी प्रदेशमा समपुरक अनुदानबाट सञ्चालन गर्ने गरी तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने ।

**<u>तपसिल</u>**

| क्र.सं. | आयोजना / कार्यक्रमको नाम | समपुरक अनुदान माग गर्ने आर्थिक वर्ष |
|---|---|---|
| १ | टिकुरी गुरुङगाँउ लम्छयाङ्ग झुलेनी मो.वा. स्तरोन्नती | आर्थिक वर्ष २०८२/०८३ |
| २ | चेरनेटा सालघारी धाईरचौर मो.वा. स्तरोन्नती | आर्थिक वर्ष २०८२/०८३ |
| ३ | जुम्री सापडाडा सडक स्तरोन्नती | आर्थिक वर्ष २०८२/०८३ |

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने ।"**

१९८०/१/१२

**नगर प्रमुख**

CS CamScanner

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

अनुसुची -२
प्रस्ताव नं. ३
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** नगरकप क्रिकेट प्रतियोगिता सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/०८

**१. विषयको संक्षिप्त व्यहोरा:-** नगरकप खेलकुदा प्रतियोगिता सञ्चालन सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आन्तरिक तर्फको बार्षिक स्वीकृत कार्यक्रम "नगरकप खेलकुद प्रतियोगिता" शिर्षकमा विनियोजित रु. ३ लाखबाट प्यूठान नगरपालिका स्तरीय क्रिकेट तथा मिनि म्याराथन प्रतियोगिता सञ्चालन गर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट अन्तर्गत प्यूठान नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आन्तरिक तर्फको बार्षिक स्वीकृत कार्यक्रम "नगरकप खेलकुद प्रतियोगिता" बाट नगरपालिका स्तरीय रनिङ शिल्डमा क्रिकेट समाबेश नभएको र हाल निकै लोकप्रिय खेलको रुपमा क्रिकेट स्थापित भएकोले क्रिकेट खेल समावेश हुन उचित देखिएकोले। साथै सोही रकमबाट मिनि म्याराथन प्रतियोगिता समेत संचालन गर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आन्तरिक तर्फको बार्षिक स्वीकृत कार्यक्रम **"नगरकप खेलकुद प्रतियोगिता"** शिर्षकमा विनियोजित रु. ३ लाखबाट तपसिल अनुसारको पुरस्कार राशी तथा अन्य कप मेडल तथा प्रमाणपत्र प्रदान गर्ने गरी **प्यूठान नगरपालिका स्तरीय T20 क्रिकेट प्रतियोगिता र मिनि म्याराथन प्रतियोगिता** सञ्चालन गर्ने।

**तपसिल**

क. नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाद्वारा तपसिलको प्रतियोगिता गर्ने
कार्यक्रमको नाम:- प्यूठान नगरपालिका स्तरीय T20 क्रिकेट प्रतियोगिता
सञ्चालन अवधी:- २०८१/११/१९ देखी २०८१/११/२२
पुरस्कार तथा अन्य कप मेडल तथा प्रमाणपत्र विवरण

- प्रथम पुरस्कार:- रु. ३० हजार , कप, मेडल र प्रमाणपत्र
- द्वितीय पुरस्कार:- रु. २० हजार, कप, मेडल र प्रमाणपत्र
- तृतीय पुरस्कार:- रु. १० हजार, कप, मेडल र प्रमाणपत्र
- उत्कृष्ट ब्याट्सम्यान:- ट्रफी र प्रमाणपत्र
- उत्कृष्ट बलर:- ट्रफी र प्रमाणपत्र

**ख.** युवा हित मञ्च, प्यूठान नगरपालिका-२ दाँखाक्वाडीलाई मिनि म्याराथन प्रतियोगिता सञ्चालनका लागि रु. ५०,०००(अक्षरुपी पचास हजार मात्र) विनियोजन गर्ने।

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने।"**

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ४
नियम १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३५ औं कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/०८

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका भित्रका वडाहरुमा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्न वडाबाट सिफरिस गरिएका योजनाहरु कार्यापालिका बैठकद्वारा पारित गरी सञ्चालन गर्नु पर्ने भएको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका भित्रका वडाहरुमा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्न प्यूठान नगरपालिका अन्तर्गतका १० वटै वडाहरुबाट योजना प्राथमिकिकरण गरी पठाईएकोले सो योजनाहरु कार्यापालिकाबाट अनुमोदन गरी सञ्चान गर्न उपयुक्त हुने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिलका योजनाहरु संचालन गर्ने ।

**तपसिल**

**वडा नं १.**

- खैरा सत्मुनी, आप्लापाटा भु.मा.वि. सडक मर्मत– नेपाल सरकार
- नेउजा, किट, गुड्डाडा सिँचाई कुलो मर्मत – आइ.डि.ए

**वडा नं २**

- वडाका सम्पूर्ण सडक मर्मत तथा सम्भार – नेपाल सरकार
- वडाका सम्पूर्ण पोखरी तथा पानीको मुल संरक्षण तथा मर्मत सम्भार – आइ.डि.ए

**वडा नं ३**

- शिसुवा पाखा सापडाडा भरङ्गा नाली निर्माण– नेपाल सरकार
- वडा भित्रका सिँचाई कुलोहरु मर्मत - आइ.डि.ए

**वडा नं ४**

- मोटरबाटोका नाली निर्माण– नेपाल सरकार
- वडा भित्रका सम्पुर्ण गोरेटो बाटो मर्मत- आइ.डि.ए

**वडा नं ५**

- स्थानीय स्तरका सडक मर्मत सम्भार– नेपाल सरकार
- स्थानीय सिँचाई योजनाहरु मर्मत सम्भार- आइ.डि.ए

नगर प्रमुख

CamScanner

**वडा नं ६**

- ठाकना देखि चक्रखण्डसम्म मोटरमार्ग निर्माण– नेपाल सरकार
- स्थानीय मोटरबाटोहरुमा नाली मर्मत– आइ.डि.ए

**वडा नं ७**

- ७ नं वडा भित्रका गोरेटो बाटो मर्मत तथा सरसफाई– नेपाल सरकार
- सहिद स्मृती पार्क गाँजुरीमा वृक्षारोपण तथा सरसफाई - आइ.डि.ए

**वडा नं ८**

- वडाभित्रका गोरेटो बाटो मर्मत– नेपाल सरकार
- वडाभित्रका नाली मर्मत- आइ.डि.ए

**वडा नं ९**

- वडाभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार – नेपाल सरकार
- वडाभित्रका पोखरी तथा पानीको मुल संरक्षण एवम् मर्मत सम्भार- आइ.डि.ए

**वडा नं १०**

- किमधारा पधेरादेखि छेपानेसम्म घोरेटो बाटो मर्मत सम्भार – नेपाल सरकार
- बडहरा, जोगिखर्क, पातिखर्क नेपाने हुँदै पातिहाल्ना कोटसम्म घोरेटो मर्मत सम्भार– आइ.डि.ए

**५. कार्यपालिकाको निर्णयः**

**“ निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने ।”**

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ५
बुँदा नं. १२.१ संग सम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** शिशुकल्याण प्रा.वि. अपुरो भवन निर्माण सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति :** २०८१/११/०८

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको वडा नं. ७ स्थीत श्री शिशुकल्याण प्रा.वि. को अपुरो भवन निर्माण गर्ने।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** आ.व. २०८०/०८१ मा प्रदेश सरकारबाट विनियोजित बजेटबाट निर्माण भएको प्यूठान नगरपालिकाको वडा नं. ७ स्थीत श्री शिशुकल्याण प्रा.वि.को भवन बजेट अभावका कारण अपुरो भएकोले नगरपालिकाले श्रोत व्यवस्थापन गरी निर्माण सम्पन्न गर्नुपर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** आ.व. २०८०/०८१ मा प्रदेश सरकारबाट विनियोजित बजेटबाट निर्माण भएको प्यूठान नगरपालिकाको वडा नं. ७ स्थीत श्री शिशुकल्याण प्रा.वि.को भवन बजेट अभावका कारण अपुरो भएको र पठनपाठनमा समेत असर परेकोले सो भवनको निर्माण सम्पन्न गरी पठनपाठनलाई सहज र प्रभावकारी बनाउनको लागि पूर्वाधार विकास शाखाको लगत स्टिमेट अनुसारको रकम पालिकाले श्रोत व्यवस्थापन गरी भवन निर्माण कार्य सम्पन्न गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाको वडा नं. ७ स्थीत श्री शिशुकल्याण प्रा.वि.को अपुरो भवन निर्माण गरी कार्यसम्पन्नको लागि प्राविधिक शाखाको स्टिमेट रु.७,८०,०००/-(अक्षरुपी सात लाख असी हजार) नगरपालिकाका टेण्डरबाट बचत भएको रकमबाट श्रोत सुनिश्चित गरी कार्यसमपन्न गर्ने निर्णय हुनुपर्ने।

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने।"**

नगर प्रमुख

अनुसूची -२

प्रस्ताव नं.५

बुँदा नं. १.२.१ संग सम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औं कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:** विपद् व्यवस्थापन सम्बन्धमा भएका कामहरुको भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती प्राप्त मिति : २०८१/११/०८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन शाखाद्वारा बिभिन्न समयमा कार्यान्वियन भएका राहत, विपद् व्यवस्थापन तथा विपद् प्रभावित संरचना निर्माण तथा मर्मत सम्बन्धि कार्यहरुको भुक्तानीका सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वन वातावरण तथा विपद् व्यवस्थापन शाखातर्फ विनियोजित बजेट शिर्षक **"विपद् व्यवस्थापन कोष"** मा विनियोजित रकमबाट शाखाद्वारा बिभिन्न समयमा कार्यान्वयन भएका राहत, विपद् व्यवस्थापन तथा विपद् प्रभावित संरचना निर्माण तथा मर्मत सम्बन्धि कार्यहरुमा भुक्तानी गर्नुपर्ने भएकोले ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वन वातावरण तथा विपद् व्यवस्थापन शाखातर्फ विनियोजित बजेट शिर्षक **"विपद् व्यवस्थापन कोष"** मा विनियोजित रकमबाट वर्षातको समयमा भएको विपद् उद्धार, सडक सुचारु, विपद् प्रभावित संरचना निर्माण, लगायतका प्रयोजनका लागि आकस्मिक रुपमा सम्पन्न गरिएका कार्यक्रमहरु स्थानीय विपद् व्यवस्थापन समिति तथा शाखाद्वारा निर्णय गरी संचालित कार्यक्रमहरु कार्यपालिकाबाट अनुमोदन गरी भुक्तानी प्रकृया अगाडी वढाउनुपर्ने भएको।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वन वातावरण तथा विपद् व्यवस्थापन शाखातर्फ विनियोजित बजेट शिर्षक **"विपद् व्यवस्थापन कोष"** मा विनियोजित रकमबाट वर्षातको समयमा भएको विपद् उद्धार र विपद् प्रभावित संरचना निर्माण प्रयोजनका लागि आकस्मिक रुपमा सम्पन्न गरिएका तपसिल अनुसारका कार्यक्रमहरु भुक्तानी गर्ने निर्णय हुनुपर्ने।

<u>तपसिल</u>

१. वर्षातको समयमा क्षती भएको ईलाका प्रहरी कार्यालयको वाल निर्माण गर्दाको भुक्तानी रु.४,१०,७६०/-

२. खैरा पक्किपूल पहुँचमार्ग निर्माणको भुक्तानी रु. १,६०,०००/-

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने ।"**

नगर प्रमुख

अनुसूची -२

प्रस्ताव नं.

बुदाँ नं. १.६.४ सम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:**नेपाल सरकार शसर्त अनुदानका कार्यक्रम बाँडफाँड सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/११

**१. विषयको संक्षिप्त व्यहोराः-** आ.व. २०८१/०८२ मा को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ सरकार शशर्त अनुदानमा विनियोजित कार्यक्रम साना सिचाई पूर्वाधार कार्यक्रमको बजेट वाडफाँड सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकालाई यस आर्थिक वर्षमा संघ सरकारद्वारा शसर्त अनुदान कार्यक्रममा साना सिंचाई पूर्वाधार निर्माण शिर्षकमा रु. २० लाख विनियोजन भएकोमा सो रकम नगरपालिका भित्रका सिचाई आयोजनाहरु कार्यान्वयनका लागि आवश्यकताका आधारमा वाडफाँड गरी विनियोजन गर्न उचित हुने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** प्यूठान नगरपालिकामा रहेका विभिन्न सिचाई योजनाहरुमा मर्मतको आवश्यकता रहेकोले, सो शशर्त अनुदान तर्फ प्राप्त रकम नगरपालिकाका ठूला सिंचाई आयोजनामा पूर्वाधार विकास शाखाको राय सल्लाह तथा सिंचाई उपभोक्ता समितिको माग अनुसार बाँडफाँड गरी कार्यान्वयन गर्न मनासिव देखिएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोराः-**

प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय शसर्त अनुदान तर्फ कार्यक्रम शिर्षक "साना सिंचाई पूर्वाधार निर्माण" मा विनियोजित रकम रु.२० लाखमध्ये प्यूठान नगरपालिका अन्तर्गत संचालित उपाद्रे कुलो सिंचाई प्रणाली जल उपभोक्ता समिति, प्यूठान नगरपालिका-२ लाई रु.१० लाख र ईलाका बन कार्यालय देखि होल्दीखोला सम्मको निर्माण तथा मर्मत कार्यका लागि गोर्खेकूलो मर्मत तथा निर्माण उप समितिलाई रु.१० लाख बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने ।

**५. कार्यपालिकाको निर्णयः**

"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने।"

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

CS CamScanner

अनुसुची -२

प्रस्ताव नं. ५

बुदाँ नं. १२.१ सँग सम्बन्धित

प्युठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

विषयः साना सिँचाई कार्यक्रम कुलो निर्माणको लागि स्थान तोकिएको सम्बन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति: २०८१/११/११

१) **विषयको संक्षिप्त व्यहोराः-** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान अन्तर्गत क्र.सं. ६७६) साना सिँचाई कार्यक्रम (कुलो निर्माण) को लागि प्युठान नगरपालिका वडा नं. ७ मा रहेको रानी कुलो गोर्खे कुलो साना सिँचाई मर्मत डल्ले हुनुपर्ने।

२) **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान अन्तर्गत क्र.सं. ६७६) विनियोजित बजेट रु. १२,००,०००/- बाट साना सिँचाई कार्यक्रम (कुलो निर्माण) को लागि प्युठान नगरपालिका वडा नं. ७ मा रहेको रानी कुलो गोर्खे कुलो साना सिँचाई मर्मत डल्लेलाई तोकी सम्झौता गर्न कार्यापालिकामा छलफल गर्न मनासिव देखिएकोले।

३) **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** योजना तथा कार्यक्रमहरुलाई रकमान्तर तथा संशोधनका लागि कार्यपालिका तथा सभावाट निर्णय गरेर मात्र संचालन गर्ने कानुनी प्रावधान रहेकोले।

४) **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** योजना तथा कार्यक्रमहरुलाई संशोधन गर्नका लागि कार्यपालिकावाट निर्णय गर्नु पर्ने।

५) **निर्णय हुनु पर्ने व्यहोरा :-** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान अन्तर्गत क्र.सं. ६७६) साना सिँचाई कार्यक्रम (कुलो निर्माण) को लागि प्युठान नगरपालिका वडा नं. ७ मा रहेको रानी कुलो गोर्खे कुलो साना सिँचाई मर्मत डल्लेलाई तोक्न कार्यपालिकामा निर्णय हुनुपर्ने।

६) **नगरकार्यपालिकाको निर्णय :-** पेश भए बमोजिमको प्रस्ताव पारित गर्ने निर्णय सर्वसहमतीवाट गरियो।

प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

अनुसूची ३

(नियम नं. ९)

सुची नं. १९,१ सँग सम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)

विषय:कर्मचारी प्रोत्साहन सम्बन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति : २०८१/११/११

१. विषयको संक्षिप्त व्यहोरा:- प्यूठान नगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारी प्रोत्साहन सम्बन्धमा।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- प्यूठान नगरपालिकामा आर्थिक प्रशासन शाखामा दरबन्दी अनुसार कर्मचारी नभई सबै पद रिक्त भएकोले को.ले.नि.का.प्यूठानबाट यस नगरपालिकामा काजमा खटिई आउनुभएका लेखापाल श्री धर्म बहादुर डि.सी.लाई कामकाजमा उत्प्रेरित गर्नका लागि प्रोत्साहनको व्यवस्था हुनुपर्ने।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-।

४. निर्णय हुनुपर्ने व्यहोरा:- प्यूठान नगरपालिका, नगरकार्यपालिकामा आर्थिक प्रशासन शाखाको दरबन्दी अनुसार पदपुर्ती हुन नसकी लेखा समुहका कार्मचारीहरुको पद रिक्त रहेकोले नगरकार्यपालिकाको कामकाजमा सहजीकरणका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, खलंगा प्यूठानबाट काजमा खटिई आउनुभएका लेखापाल श्री धर्म बहादुर डि.सी.लाई निज यस कार्यलायमा कामकाजमा खटिएको मिति २०८१/१०/०६ गते देखि प्रोत्साहन स्वरुप सुरु तलबस्केलभन्दा बढि नहुने गरी मासिक प्रोत्साहनका रुपमा उपलब्ध गराउने निर्णय हुनुपर्ने।

५. कार्यपालिकाको निर्णय:

" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने।"

नगर प्रमुख

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

अनुसुची -३
प्रस्ताव नं. १०
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३५ औ कार्यपालिका बैठक(२०८१/११/१३)**

**विषय:**प्यूठान नगरपालिकाको सेवाप्रवाह सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/११/११

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८१/०८२ मा नगरपालिकाले प्रवाह गरेको सेवाको सुविधा सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकालाई यस आर्थिक वर्षमा नगरबासीहरुलाई उपलब्ध गराईएको सेवा तथा विगतका कार्यपालिका निर्णय सम्बन्धमा छलफल गर्नु उचित हुने हुँदा।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका तथा यस मातहतका सबै वडा कार्यालयहरुद्वारा प्रवाह गरिएका सेवा तथा कार्यक्रम कार्यान्वयनमा गरिएका कार्यहरुको वारेमा कार्यपालिकामा व्यापक छलफल गर्दा सेवाप्रवाहमा सुधार हुने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-**
प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा प्यूठान नगरपालिका तथा यस मातहतका कार्यालयले प्रवाह गरेका सेवा हरुको समिक्षा गरी आगामी दिनमा सेवाप्रवाहमा रहेका जनगुनासा सुधार गरी नगरकार्यपालिकाको कार्यसञ्चालन तथा सेवा प्रवाहमा सुधार गर्नुपर्ने ।

**५. कार्यपालिकाको निर्णय:**
" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने।"

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

(हस्ताक्षर) १४/०१/८१/१२

**नगर प्रमुख**

CamScanner